बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार नवलपरासी बर्दघाट सुस्ता पूर्व
गण्डकी प्रदेश नेपाल

बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

## आ.व. ०७९/०८० को ढुंगा, बालुवा, ग्रावेल उत्खनन् गरी बिक्री गर्ने कार्यको सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/०६ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) ले दिएको अधिकार प्रयोग गरी यस बुलिङटार गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७९/०८० को लागि ठेक्का प्रक्रिया द्वारा गर्नु पर्ने भएकोले ढुंगा, बालुवा, ग्रावेल उत्खनन् गरी बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १८ अनुसार फर्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, ठेक्काको कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित प्रतिलिपी, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आर्थिक वर्ष २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले दरभाउ पत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र बोलपत्र पेश गर्नहुन सूचीत गरिन्छ ।

ढुंगा, गिट्टी, बालुवा, ग्रावेल आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

| सि.न. | ठेक्का नं. | खोलाको नाम | उत्खनन् हुने अधिकतम परिमाण (घन मि.) | न्यूनतम रकम कर बाहेक | बोलपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १. | BUL/SQ/GOODS/Nirandi/01/079/080 | निरन्दी खोला | ५७६० | रु.१४,२२,७९४ | रु. १००० | रु. ४१,००० |
| २. | BUL/SQ/GOODS/Fulmadi/02/079/080 | फूलमाडी खोला | ७००० | रु.१७,२९,०९० | रु. १००० | रु.४८,००० |
| ३. | BUL/SQ/GOODS/Devsat/03/079/080 | देवसत खोला | ५२८० | रु.१३,०४,२२८ | रु. १००० | रु. ३७,००० |

**दरभाउ पत्र खरिद गर्ने मिति, समय, स्थान-** यो सूचना प्रकाशित मितिले १५ दिन भित्र वा मिति २०७९/१०/२० गते कार्यालय समयमा दरभाउ पत्र दस्तुर नबिल बैंक, बुलिङटार शाखा रहेको यस कार्यालयको राजश्व खाता २३३०१०१७५०००४३ मा जम्मा गरि कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ । साथै तोकिएको धरौटी रकम यस कार्यालयको नबिल बैंक, बुलिङटार शाखामा रहेको धरौटी खाता २३३०१०१७५०००२८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको रितपूवर्कको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

**दरभाउ पत्र दाखिला गर्ने र खोल्ने मिति, समय र स्थान-** मिति २०७९/१०/२२ गते दिउँसो १२ बजे भित्र बुलिङटार गाउँपालिका कार्यपालिकाको कार्यालयमा पेश गर्न सकिनेछ । तोकिएको समय भित्र दर्ता भएका दरभाउपत्रहरु मिति २०७९/१०/२२ गते दिउँसो १ बजे बुलिङटार गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दर्ता भएमा बोलपत्रहरु बोलपत्रदाता वा निजको रोहवरमा खोलिने छ । बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो विदा पछि कार्यालय खुलेको दिन सोहि समयलाइ मानिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्रका शर्तहरु :

१. स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युनतम ५०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट २०८० अषाढ मसान्त सम्म मान्य हुने कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०८० साल ज्येष्ठ मसान्त भित्र भूक्तानी गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।

२. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता कार्य सम्पादन जमानत बाट १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

३. नदी किनार तथा आसपासका वनस्पति र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग सहायक लोकमार्गका दायाँ बायाँ निषेधित स्थान बाहेक तोकिएको स्थानबाट मात्र नदीको वहाव परिवर्तन नहुने गरि सुर्योदय देखि सुर्यास्त सम्ममा नदीजन्य पदार्थ झिक्न पाईनेछ। हावा चलेको बेलामा पानी चुहिने गरि धुलो उड्ने गरि ओभरलोड हुने गरि ढुवानी गर्न पाईने छैन।

४. घाटसम्म जाने बाटोको निकास आँफै व्यवस्थापन गर्ने जिम्मेवारी स्वयं दरभाउपत्रदाताको हुनेछ।

५. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक लोकमार्गलाई असर पर्ने गरि सडक निर्माण गर्न पाइने छैन र असर नपर्ने गरि निर्माण गर्नुपरेमा निर्माण गर्दा लाग्ने खर्च दरभाउपत्रदाता स्वयंले व्यहोर्नुपर्नेछ। ढुङ्गा, रोडा, गिट्टी र बालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ।

६. ढुङ्गा, रोडा, गिट्टी र बालुवा समेतको कारोबार गर्दा बालश्रमको प्रयोग निषेध गरिएको छ। वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाइनेछैन। मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनुपर्नेछ।

७. नदि, खोला, बगर एवं सार्वजनिक आवागमनमा बाधा हुने गरी संकलित मालबस्तु जम्मा गर्न पाईने छैन।

८. दरभाउपत्रका सम्बन्धमा थप केही बुझ्नपरेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै विस्तृत विवरण दरभाउपत्र फाराम साथ उपलब्ध गराइनेछ।

९. आ.व. २०७९/०८० का केही महिना नेपाल सरकारको निर्णयले घाट बन्द भएमा कार्यसमयावधि सोही बमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोही समयावधिमा विक्री गर्नुपर्नेछ। त्यसका लागि दरभाउपत्रदाताले कुनै क्षतिपुर्ति वा हर्जनाको माग गर्न पाउने छैन।

१०. अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आँफैले संकलित सामाग्रीको घाटगद्दी गरेर नापजाच पश्यात मात्र विक्री वितरणको व्यवस्था मिलाउनुपर्नेछ। घाटगद्दी गर्दा लाग्ने खर्च ठेकेदार स्वयंले नै व्यहोर्नुपर्नेछ।

११. दरभाउपत्रदाताले आफुले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ।

१२. स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरू पालना गर्नुपर्ने शर्तहरू, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरू, प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक श्रोत ढुङ्गा, रोडा, गिट्टी र बालुवाको परिमाण समेतका विषयहरू सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् तिनको पालना गर्नु दरभाउपत्रदाताको कर्तव्य हुनेछ।

१३. उल्लेखित न्यूनतम रकम मु.अ.कर र अग्रिम आयकर समेत जोडी दाखिला गर्नुपर्नेछ।

१४. बोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टलाई अन्तिम दिन मानिनेछ।

१५.बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ। कार्यालयले आवश्यक ठानेमा जुनसुकै चरणमा पनि आंशिक वा पुरै बोलपत्र प्रकृया रद्द गर्न सक्नेछ।

१६.ठेक्का अवधी सम्झौता मिति देखी २०८० सालको ज्येष्ठ मसान्तसम्म हुनेछ।

१७.ठेक्का सम्झौता गर्दा कवुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ।

१८.दरभाउपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ। रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ। सो भन्दा फरक हुनेगरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ।

१९.प्रचलित नियमानुसार कालो सूचीमा परको र गाउपालिकाको कार्यालयलाई बझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीको दरभाउपत्र उपर कुनै कारवाही हनु छनै।

२०.गाउपालिकाबाट गरिएको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७८ (IEE) मा उत्खनन स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाइने छैन यसरी उत्खनन नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाईएमा गाउपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ।

२१.माथि उल्लेखित नभएका र बाँझिएका शर्तहरु नेपाल सरकारबाट जारी भएको ढुङ्गा, रोडा, गिट्टी र बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ र प्रचलित कानून बमोजिम हुनेछ। नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएका निर्देशनहरू पालन गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ।

२२.दरभाउपत्रदाता र गाउँपालिका विच ठेक्का शर्तहरूका सम्बन्धमा कुनै विवाद उठेमा बुलिङटार गाउँपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा दरभाउपत्रदाताको कुनै उजुर लाग्ने छैन। दरभाउ स्वीकृत भइ सम्झौता हुँदा वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलित ऐन नियमानुसारका शर्त तथा बन्देज पालना गर्नुपर्नेछ।

बोलपत्रदाताको नाम :

ठेगाना :

हस्ताक्षर :

मिति :